
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर ४ गते सोमबार ❑ 20 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–

## तामझामका साथ पोखरामा छठ पर्व मनाइँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

तामझामका साथ पोखरामा यस बर्षको छठ पर्व मनाइदै छ । पोखराका विभिन्न स्थानमा छठ पूजा समितिले व्यबस्थित ढंगले पोखरामा छठ पर्व मनाउने व्यबस्थापन गरेसंगै पोखरामा यस बर्ष पनि निकै तामझामका साथ छठ पर्व मनाइदै गरेको नारायणथान मन्दिर स्थित छठ पूजा समितिका अध्यक्ष विनोद गुप्ताले बताए ।

पोखरामा व्यबस्थित ढंगले विभिन्न स्थानमा छठ पूजा हुने भएसंगै तराई तथा मधेशमुलका व्यक्तिहरुले पोखरामै छठ पर्व मनाउन लागेको उनले जनाए । पोखराका मुख्य गरी तीन स्थानमा धुमधामका साथ छठ पूजा मनाइँदै गरेको छठ पूजा समितिहरुले उल्लेख गरेका छन्। सुर्यका भक्तहरुले आइतबार साँझ अस्ताउदो सूर्यलाई अर्घ सहितको मिस्ठान्न खाद्य पदार्थ सहितको फलफूल चढाएका छन भने सोमबार उदाउदो सुर्यलाई अर्घ दिदै यस बर्षको छठ पर्वलाई बिदाई गर्ने भएका हुन् । पोखरा नदीपुरको नारायणथान मन्दिर परिसर, बैदामको केदारेश्वर महादेवमणि मन्दिर परिसर (फेवाताल किनारा) र रिठ्ठाघाँट त्रिवेणी धाम (कालिखोला) सेतिनदी किनारामा छठ पूजा धुमधामका साथ मनाइदै गरेको हो । उक्त



छठ घाँटहरुमा केही दिन अघि देखि सरसफाई गरी हाल सजिसजावट सहित टेण्ट हालेर झिलिमिलि बत्ति बालिएको छ।

सूर्यका भक्तहरुलाई छठ पर्वको अवसरमा पोखरामै सहज ढंगबाट पूजा गर्ने वातावरण सृजना गर्न पोखराका मुख्य तीन ठाउँमा छठ पूजा समितिले सरसफाई देखि आन्तरिक व्यबस्थापन गरेको नारायणथान मन्दिर स्थित छठ पूजा समितिका अध्यक्ष विनोद गुप्ताले बताए । उनका अनुसार यस बर्ष पोखरा क्षेत्रमै धुमधामका साथ छठ पर्व मनाइदै छ । करिब ५ सय जनालाई पूजा आज गर्न मिल्ने गरी आन्तरिक व्यबस्थापन गरेको उनले दाबी गरे ।

केदारेश्वर महादेवमणि क्षेत्रमा आइतबार धुमधामका साथ छठ पर्व मनाउन सुरु भएको एन.बी.व्यवसायी छठ पूजा समितिका अध्यक्ष विश्राम कुशवाहाले बताए । पोखरा क्षेत्रका सुर्यका भक्तहरुलाई सहज ढंगले पूजा आज गर्ने गरी हाल आफुहरुले टेण्ट सहितका छठ घाँटको व्यस्थापन गरेको उनले जनाए ।

केही दिन अघि देखि उक्त क्षेत्रमा सरसफाईसंगै छठ पूजा स्थलमा रंगरोगन सहित झकिझकाउ पारिएको अध्यक्ष कुशवाहाले बताए । त्यसै गरी विगत दुई दशक भन्दा लामो समय देखि तराई मुलका नेपालीहरुले पोखराका विभिन्न ठाँउमा छठ पूजा मनाउन थालेसंगै तराई तथा मधेशमा गएर छठ पर्व मनाउनेहरुलाई यही रोकेको शंकर शाहले बताए । पोखरामा पछिल्ला बर्ष देखि मधेषि, तराई तथा केहि पहाडी मुलका मानिसहरुले समेत छठ पर्व मनाउन थालेको एन बी व्यवसायी समिति कास्कीका पूर्व अध्यक्ष भूनेश कुमारले बताए । विगत ८ बर्ष देखि सेती गण्डकी र कालिखोलाको दोभान रिठ्ठाघाँट बैकुण्ठ त्रिवेणी धाम (कालिखोला) मा पनि धुमधामका साथ छठ पर्व मनाउदै आएको हरिश्चन्द्र प्रसाद कुशवाहाले बताए । छठ पूजा समिति कालिखोलाका अध्यक्ष समेत रहेको कुशवाहाले करिब एक सय जना सूर्यका भक्तहरुलाई पूजा आज गर्ने गरी आन्तरिक व्यबस्थापनमा आफुहरुले व्यबस्थापन गरेको दाबी गरे । छठ पर्वको पूजामा आगन्तुकहरुलाई सोमबार उदाउदो सुर्यलाई अर्घ दिए पछि ठेकुवा सहितको प्रसाद समेत वितरण गरिने भएको उनले बताए । यस बर्षको छठ पर्वको मुख्य दिन (षष्ठी) आइतबार मंसिर ३ गते परेको हो जुन दीनमा सरकारले सार्वजनिक बिदा समेत दिएको थियो ।

छठका भक्तहरुले केराको खम्मा, उखु, अदुवा, भोगटे, सुन्तला लगायतका फलफुलका वोटहरु सजावट गर्ने गर्छन् । सुर्यलाई भगवानको प्रतिको रुपमा पुजा गर्ने भक्तहरुले आफ्नो मनोकाक्षा पुरा हुने धार्मिक विश्वासका साथ पूजा गर्ने गर्छन । पहाडी भेगमा पनि छठ पर्व मनाउनेहरुको निकै भिडभाड भएसंगै पहाडी मुलका केही व्यक्तिहरुले उक्त पर्व मनाउन थालेका छन भने छठ पर्वको रौनक अवलोकन गर्नेहरुको आइतबार साँझ देखि निकै भिडभाड भएको शंकर शाहले बताए ।

## छठ एकता र सद्भावको पर्व : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले समाजमा आपसी एकता, सद्भाव र बन्धुत्वको भावनालाई प्रगाढ बनाउन छठ पर्वले सबैलाई प्रेरणा दिने बताउनुभएको छ ।

छठ पर्वका अवसरमा आइतबार शुभकामना सन्देश दिँदै उहाँले समाजमा विद्यमान विभेद र विसङ्गतिलाई अन्त्य गर्दै समतामूलक र सुसंस्कृत समाज निर्माणका लागि सबैलाई प्रेरणा मिल्ने विश्वास व्यक्त गर्नुभयो ।

"छठ पर्वले राष्ट्रिय एकता सुदृढ गर्न, आपसी विश्वास र सम्बन्ध थप प्रगाढ तुल्याउन तथा सामाजिक एकतालाई कायम गर्दै सुशासन, समृद्धि र सामाजिक न्यायसहितको समुन्नतिको मार्गमा अग्रसर हुन हामी सबैलाई प्रेरणा मिल्ने मैले विश्वास लिएको छु", मुख्यमन्त्री पाण्डेद्वारा जारी शुभकामना सन्देशमा उल्लेख छ ।

उहाँले भूगोल र क्षेत्रफलका हिसाबले सानो भए पनि भाषा, कला, संस्कृति, चाडपर्व र सभ्यताका दृष्टिले नेपाल विश्वमै वैभवशाली रहेको उल्लेख गर्नुभएको छ ।

## एमाले मुस्ताङको अधिवेशन चैत्रको तेस्रो हप्ता प्रस्ताव

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

ने क पा ( एमाले )मुस्ताङको अधिबेशन चैत्रको तेश्रो साता हुने भएको छ।

सो पार्टिको सनिबार सम्पन्न जिल्ला कमिटी सचिबालयको बैठकले चैत्रको तेस्रो हप्ता गर्ने प्रस्ताव गरेको हो । बैठकले पार्टी संगठन सुदृढीकरणका लागि विभिन्न योजना निर्माण गरेको छ । जसअन्तर्गत पार्टी सदस्यता बिस्तार र जनप्रतिनिधिहरुको प्रशिक्षण कार्यक्रम गर्ने कार्ययोजना निर्माण गरेको छ । बैठक गण्डकी प्रदेशका इन्चार्ज समेत रहनु एमाले सचिब गोकर्ण बिष्टको प्रमुख उपस्थितिमा सम्पन्न भएको थियो ।

सचिब बिष्टले समाजबादको आधार निर्माणका लागि उत्पादनमा ध्यान दिनुपर्ने भन्दै स्थानीय उत्पादनलाई बजारिकरण गरेर नै संमृध्दि प्राप्त गर्न सकिने बताउनुभयो ।मुस्ताङको



बिकासका लागि नेकपा( एमाले)नेतृत्वको सरकारले गरेका काम ऐतिहासिक र विशेष रहेको भन्दै सचिब बिष्टले समृद्धिको खास योजना र देशलाइ बिकास को बाटोमा तिब्रतर अगाडि बढाउन आफ्नो पार्टी मात्रै सक्षम भएको उल्लेख गर्नु भयो ।

अहिलेको गठबन्धन सरकारले योजनाबिना नै देश चलाउने प्रयत्न गरेका कारण मुलुकमा अराजकता बढेको जिकिर गर्नुभयो । बैठकमा प्रदेश कमिटीका सचिव धनञ्जय दवाडी ले बार्षिक कार्ययोजना र कार्यतालिका निर्माण गरी कामलाई अघि बढाउन तथा प्रत्येक पालिका कमिटीहरुले आफ्नो पालिकाका मतदातहरुको ६ प्रतिशत जनतालाई पार्टी सदस्यता प्रदान गरि समृद्धिको अभियान अगाडि बढाउने गरी काम गर्न अनुरोध गर्नुभयो । बैठकमा केन्द्रीय सदस्यहरु चन्द्र मोहन गौचन,टसी स्याङ्वो गुरुङ ,प्रदेश कमिटी सदस्यहरु प्रमेश गुरुङ र समिता शेर्पा , तिलक बि क, एमाले बाग्लुङ जिल्ला कमिटीका अध्यक्ष हिरा वहादुर केसी सहितको उपस्थिति रहेको थियो ।

## सिक्लेस र घान्द्रुक जानुअघि जानकारी लिन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

दसैँ तिहार सकिएलगत्तै कास्कीको पर्यटकीय गाउँ घान्द्रुक र सिक्लेस पुग्ने पर्यटकको सङ्ख्या ह्वात्तै बढेको छ । जसका कारण स्थानीयलाई गाउँ पुगेका पर्यटक व्यवस्थापन गर्न भ्याइनभ्याइ छ ।

पछिल्ला समय पोखरा घुम्न आएका पर्यटक लेकसाइडमा मात्र सीमित हुन चाहँदैनन् । वरपरका गाउँबस्ती र थुम्का उनीहरुको रोजाइमा पर्ने गरेको छ । सोही कारण कास्कीका पर्यटकीय गाउँहरुमा ठूलो सङ्ख्यामा पर्यटक पुग्ने गरेका छन् ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं १० र ११ मा पर्ने घान्द्रुकमा शुक्रबार दुई हजारभन्दा बढी पर्यटक पुगेको घान्द्रुक पर्यटक व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार शनिबार पनि दुई हजारकै हाराहारीमा पर्यटक पुगेका छन् । "पछिल्लो हप्ता घान्द्रुकमा पर्यटक पूर्णरुपमा भरिएका (हाउसफुल)नै भएको थियो", अध्यक्ष गुरुङले भन्नुभयो, "धेरै हुँदा हामीलाई व्यवस्थापन गर्न हम्मेहम्मे पर्छ । पाहुनालाई हामीले फर्काएका छैनौँ ।" घुमघामको सिजनमा यहाँ आउँदा यहाँको बासस्थान, मौसमी अवस्थालगायत आवश्यक विषयमा जानकारी लिएर मात्र आउन उहाँले सबैलाई आग्रह गर्नुभयो । "घुम्न आएका पाहुनालाई बास छैन भनेर फर्काउन पनि भएन् । हामीले मिलाएर त राखेकै छौँ", अध्यक्ष गुरुङले भन्नुभयो, "पाहुनाको सुविधाका लागि उहाँहरु आफैँले सिजनको समयमा हामीसँग समन्वय गरेर आउनुभयो भने राम्रो हुन्थ्यो ।" उहाँका अनुसार घान्द्रुकमा पर्यटक राख्नका लागि ५५ होटल र २२ होमस्टे छन् । पाहुना बढी भएको अवस्थामा गाउँका घरमा व्यवस्थापन गर्न सकिने अध्यक्ष गुरुङको भनाइ थियो । होटल, होमस्टे र घरमा गरी घान्द्रुकमा एक दिनमा दुई हजार दुईसम्म पाहुन राख्ने क्षमता रहेको उहाँले जानकारी दिनुभयो । कास्कीकै मादी गाउँपालिका-१ मा पर्ने पर्यटकीय गाउँ सिक्लेसमा पनि पर्यटकको चाप बढेको छ । दसैँ, तिहार सकिएसँगै सिक्लेसमा दैनिक पाँचदेखि छ सयको हाराहारीमा पर्यटक पुग्ने गरेका मादी-१ का वडाध्यक्ष देवीजङ्ग गुरुङले जानकारी दिनुभयो । सिक्लेस हुँदै क्हपुचें हिमताल र कोरी डाँडा जाने पर्यटकका कारण पनि यहाँ पर्यटकको चाप बढेको उहाँले बताउनुभयो । वडाध्यक्ष गुरुङले पर्यटकको सङ्ख्या बढी हुँदा व्यवस्थापनमा गाह्रो हुने भएकाले सामाजिक सञ्जालमार्फत जानकारी दिएर आउन आग्रह गर्नुभयो । "सिक्लेसमा आउने आन्तरिक पर्यटकको चाप बढ्दो छ । कतिपय पर्यटक गाउँमा आइसकेपछि बस्नलाई समस्या भएको गुनासो आइरहेको छ", उहाँले भन्नुभयो, "तसर्थ गाउँमा आउनुभन्दा अगावै बस्न चाहनुभएको होटल/होमस्टे सञ्चालकसँग सम्पर्क गरेर मात्र आउनुहुन अनुरोध छ ।" साथै, क्हपुचें र कोरी ट्रेकका लागि सम्बन्धित होटल सञ्चालकसँग सम्पर्क गरेर आउँदा असहजता नआउने उहाँको भनाइ थियो ।

## माओवादी र समाजवादीबीच एकता प्रक्रियालाई गति दिने निर्णय

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

नेकपा (माओवादी केन्द्र) र नेपाल समाजवादी पार्टीबीच एकता प्रक्रियालाई थप गति दिइने भएको छ।

माओवादी केन्द्रको पार्टी कार्यालय पेरिसडाँडामा आज बसेको दुई दलको वार्ता टोलीको संयुक्त बैठकले एकता प्रक्रियालाई अगाडि बढाउने सहमति गरेका हुन् । बैठकको सुरुमा एकता वार्ता समितिको विगतको गतिविधिबारे रिपोर्टिङ गरिएको संयुक्तरुपमा जारी विज्ञप्तिमा भनिएको छ । बैठकमा पार्टी एकताका लागि दुवै पार्टी केन्द्रलाई पार्टी एकता संयोजन समिति गठन गर्न सुझाव दिने भएको छ । समितिले दुवै पार्टीले उठाइरहेका वैचारिक र नीतिगत विषयमा छलफल गरी सहमतिका आधारमा अगाडि बढ्ने सहमति गरेका छन् । त्यस्तै, पार्टीको विधान, नाम, सङ्गठनात्मक संरचना, चुनाव चिन्हलगायतका विषयमा एकता समितिले सहमति गरे अनुरुप अगाडि बढ्ने गरी दुवै पार्टीलाई सुझाव दिने निर्णय भएको छ । बैठकपछि माओवादी केन्द्रका तर्फबाट वार्ता समितिका संयोजक कृष्णबहादुर महरा र नेपाल समाजवादी पार्टीका संयोजक गङ्गानारायण श्रेष्ठले संयुक्त विज्ञप्ति जारी गर्नुभएको छ । बैठकमा माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङ, नेपाल समाजवादी पार्टीका नेताहरु दुर्गा सोवलगायतको उपस्थिति थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ‘प्रथम ढोरपाटन हाई अल्टिच्यूड टेक्वान्दो सेमिनार’को तयारी तिव्र

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

गण्डकी प्रदेश आईटिएफ टेक्वान्दो संघको आयोजनामा मंसिर दोश्रो ‘प्रथम ढोरपाटन हाई अल्टिच्यूड टेक्वान्दो सेमिनार-२०२३’ हुने भएको छ।

खेलाडी तथा प्रशिक्षकको प्राविधिक ज्ञान को बृद्धि विकास, ग्रामीण क्षेत्रमा खेलकुदको बिकास संगै दक्षिण एसियाको एक मात्र सिकार आरक्ष ढोरपाटनको पर्यटन प्रर्वद्धन गर्ने, तेक्वान्दो आईटीएफ खेलको महत्व जनमानजमा पुर्याउने लक्ष्यका साथ यही मंसिर ८ देखि ९ गतेसम्म बाग्लुङको ढोरपाटनमा सेमिनारमाको आयोजना गर्न लागिएको सेमिनारका मूल आयोजक समितिका संयोजक तथा गण्डकी प्रदेश आईटिएफ टेक्वान्दो संघका अध्यक्ष घमबहादुर थापाले जानकारी दिए । उनका अनुसार नेपाल अन्तराष्ट्रिय तेक्वान्दो महासंघको समन्वय, गण्डकी प्रदेश तेक्वान्दो संघ (आईटीएफ़) को आयोजना तथा ढोरपाटन नगरपालिकाको सहयोगमा उक्त सेमिनार आयोजना गरिएको हो। प्रशिक्षण कार्यक्रममा देशका विभिन्न जिल्ला र प्रदेश बाट करिब ४ सय खेलाडीको सहभागिता हुने छ। यसका लागि ढोरपाटनका स्थानीयबासीको साथ सहयोग रहनुका साथै यस सेमिनारलाई विशेष महत्वको साथ हेरिएको छ।

साथै कार्यक्रम भव्यताका साथ सम्पन्न गर्नका लागि विभिन्न नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघका महासचिव घमबहादुर थापा मगरको संयोजकत्वमा विभिन्न १३ वटा उपसमिति गठन गरिएको छ। जस अन्तर्गत मिडिया व्यवस्थापन उपसमिति संयोजकमा कविता घर्तीमगर, प्रतिक घर्तीमगरको संयोजकत्वमा आर्थिक व्यवस्थापन उपसमिति, आकाशचन्द्र घर्तिमगरको संयोजकत्वमा अफिसियल तथा खेल सामाग्री व्यवस्थापन उपसमिति, जीवन पुनको संयोजकत्वमा होटल व्यवस्थापन उपसमिति गठन गरिएको छ। यस्तै खेल प्रर्दशनतर्फ फारमबहादुर महत, अतिथि व्यवस्थापनतर्फ शर्मिला महत, स्टेज तथा साउण्ड सिस्टम संयोजकतर्फ बसन्ती बुढा, खेलाडी व्यवस्थापनतर्फ दिनेश बुढा, यातयात व्यवस्थापनतर्फ विजय पुन, सुरक्षा व्यवस्थापनतर्फ तास्विन पुन, मेडिकल ब्यबस्थपनमा केशव थापा र स्वयमसेवक व्यवस्थापन संयोजकको जिम्मेवारी हर्क पुनलाई जिम्मेवारी दिइएको छ।

कार्यक्रम संघिय सांसद तथा प्रभु ग्रुपलिका अध्यक्ष साथै नेपाल अन्तराष्ट्रिय तेक्वान्दो महासंघका सल्लाहकार देविप्रकास भट्टचनले उद्धघाटन गर्नेछन्।

# पोखरामा हुने माउन्टेन बाइक रेसमा ११ देशका ५५ प्रतिस्पर्धीले भाग लिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

पोखरामा एन्ड्युरो अन्तर्राष्ट्रिय माउन्टेन बाइक प्रतियोगिता हुने भएको छ।

माउन्टेन बाइक कम्पनी डन टिल डस्कको आयोजनामा यहि मंसिर ७ देखि पोखरा महानगरपालिका वडा नं. १३ को आर्बा-बिजय डाँडामा प्रतियोगिता हुन लागेको हो । तीन दिनसम्म हुने प्रतियोगितामा विभिन्न ११ देशका खेलाडीले सहभागिता जनाउने आयोजकले जनाएको छ। प्रतियोगिताका रेस डाइरेक्टर सुनिलचन्द्र शर्माका अनुसार नेपालसहित ११ देशका ५५ जना प्रतिस्पर्धीले सहभागि जनाउने छन् । ‘८८ जनाले शुरुवाती दर्ता गरे पनि ५५ जनाले प्रतिस्पर्धा गर्नेछन्।

अर्को ठाउँमा प्रतियोगिताको मिति जुधेको कारण केही खेलाडीले शुरुवाती दर्ता गरेपनि सहभागि हुन नसकेका हुन्।’ - उनले भने। प्रतियोगितामा इलिट पुरुषतर्फ जुनियर (१२-१८ वर्ष), मास्टर्स ‘क’ (३०-३९ वर्ष), मास्टर्स ‘ख’ (४०-४९ वर्ष), भेट्रान (५० वर्ष माथि), महिला ओपन तथा इ-बाइक गरि ७ विधामा प्रतिस्पर्धा हुनेछन्। इ-बाइक रेस नेपालमै पहिलो पटक हुन लागेको शर्माको दावी छ। खेलकुद र पर्यटनलाई टेवा पुराउनका लागि प्रतियोगिता आयोजना गरिएको डन टिल डस्कका प्रवन्ध निर्देशक छिमी उक्रेन गुरुङले जनाए।

सन् २०२० देखि तयारी गर्दै उक्त क्षेत्रमा संरचना बनाउन ५० लाख रुपैँया लगानी भैसकेको र प्रतियोगिता सञ्चालन हुने समयसम्म थप २० लाख लगानी लाग्ने गुरुङको भनाई छ । ‘प्रत्येक वर्ष वर्षमा प्रतियोगितालाई निरन्तरता दिने योजना भएपनि ६-६ महिनामा गर्न सकिन्छ कि भनेर तयारी गरिरहेका छौं।’ उनले भने। तीन दिन हुने प्रतियोगितामा मंसिर ७ र ८ गते अभ्यास खेल हुनेछभने ९ गते प्रतियोगिता हुनेछ। प्रतियोगिता समुन्द्री सतहबाट १३६० मिटर उचाँईमा रहेको आर्वा-बिजय डाँडामा हुनेछ । उक्त एन्ड्युरो प्रतियोगिताले आगामी दिनहरुमा विश्वभर ठुलो संख्यामा माउन्टेन बाइकिङ प्रेमीहरु आकर्षित भई नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा आयोजकको रहेको छ।

उक्त प्रतियोगितालाई पोखरा महानगरपालिका, कास्की जिल्ला साइक्लिङ संघ, पोखरा खेलकुद विकास समिति तथा पोखरा १३ को वडा कार्यालयले समन्वय गरेको छ।

# पोखरामा नेपाल-चीन क्रस कन्ट्रि दौड प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

खेल पर्यटनको प्रबर्द्धन गर्ने उद्धेश्यले पोखरामा नेपाल-चीन क्रस कन्ट्रि दौड प्रतियोगिता हुने भएको छ।

पोखरा महानगरपालिका, चिनियाँ राजदुतावास र नेपाल पर्यटनबोर्डकोसंयुक्तआयोजनामा उक्त प्रतियोगिता हुने भएको शनिबार पोखरामा आयोजना भएको पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

पोखरा क्षेत्रको खेल पर्यटनको प्रबर्द्धन गर्ने उद्धेश्यले यही मंसिर ९ गते (नोभेम्बर २५ मा) उक्त प्रतियोगिता आयोजना गर्न हुने तयारी गरिएको नेपाल चिन मैत्रि संघका अध्यक्ष विश्वशंकर पालिखेले बताउनु भयो । नेपाल र चिनिया धावकहरु बिच क्रस कन्ट्रि दौड प्रतियोगिता सहित चार इभेटमा प्रतियोगिता हुने भएको उहाँले जनाउनु भयो।

मुख्य इभेन्टतर्फ टिम इभेन्ट र एकल इभेन्ट बिच प्रतिष्प्रर्धा हुने भएको छ । टिम इभेन्ट विजेताले तीन लाख ६० हजार रुपैयाँ प्राप्त गर्नेछन् । दोस्रो हुनेले दुई लाख ८८ हजार, तेस्रो हुनेले दुई लाख १६ हजार, चौथो हुनेले एक लाख ४४ हजार र पाचौँ हुनेले ९० हजार रुपैयाँ प्राप्त गर्नेछन्। यस्तै एकल तर्फको विजेताले एक लाख ४४ हजार, उपविजेताले एक लाख आठ हजार र तेश्रो हुनेले ५४ हजार रुपैयाँ प्राप्त गर्नेछन् । चौथो देखी सातौं स्थानसम्म आउनेले १८ हजार र आठौं देखी दशौंसम्मले ९ हजार रुपैयाँ प्राप्त गर्नेछन् । ५ किमि विद्यार्थी (छात्र/छात्रा) दौड प्रतियोगिताको विजेताले समान २५/२५ हजार रुपैयाँ पाउनेछन्। दोस्रोले बीस हजार तेस्रोले १५ हजार, चौथोले १० हजार र पाचौं हुनेले पाँच हजार रुपैयाँ प्राप्त गर्ने छन्। प्रतियोगिताको मुख्य इभेन्टका लागि चीनबाट एक सय चार जनाको टोली पोखरा आउने भएको छ। प्रतियोगितामा १० नेपाली र १० चीनियाँ टिम हुनेछन् । एक टिममा कम्तिमा पनि एक महिला वा एक पुरुष अनिवार्य हुनु पर्ने छ । प्रतियोगितामा नेपाल भुतपूर्व खेलाडी मञ्च र युनान प्रदेश खेलकुद ब्युरो प्राविधिकको रुपमा रहनेछन् भने चीनबाट १६ जना चिकित्सक सहितको स्वाथ्यकर्मीको टोली समेत रहनेछ।

पोखरा महानगरपालिकाका प्रवक्ता मोतिलाल तिम्सिनाले पोखरामा साहसिक खेल पर्यटनको प्रचुर सम्भावना रहेको र त्यसको भरपुर उपभोग गर्न आवश्यकता रहेको बताउनु भयो । उहाँले पोखराको साहसिक खेल पर्यटनको प्रबर्द्धन गर्न महानगरले सहयोग गर्ने बताउनु भयो। सहआयोजनाको रुपमा रहेको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले उक्त इभेटले पोखराको पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने हुदा यस्ता इभेण्ट निरन्तर रुपमा हुनु पर्नेमा जोड दिनु भयो।

# किसानलाई धान थन्काउन भ्याई नभ्याई



**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

हिजोआज किसानलाई बर्ष भरी खाने धान थन्काउन भ्याई नभ्याई भएको छ। यसै क्रममा पोखरा क्षेत्रका किसानलाई पनि धान थन्काउने हतारो भएको छ।

नेपालीहरुका महान पर्व वडा दशैं, शुभ दिपावली जस्ता चार्ड सकिए लगत्तै किसानहरु आफ्नो बर्ष भरी खाने धान थन्काउने चटारोमा लागेका हुन्।

पोखराको पहिचान नै बनाएको पोखरेली जेठोबुढो, पहेले, झिनुवा, गुर्दी लगायतका जातको धान केही ढिलो पाक्ने हुँदा उक्त जातको धान थन्काउन पोखराका किसानलाई चटारो भएको हो । मनसुली, राधा सात, ठिमाहा लगायतका जातका धान भने केही समय अघि नै पाकेको थियो।

मौसम पनि निकै राम्रो भएको र यस बर्ष मल समेत किसानले समयमै उपलब्ध भएकोले यस बर्ष पोखरा क्षेत्रमा धान उत्पादनमा बृद्धि हुने पोखरा महानगरपालिकाका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले बताउनु भयो । उहाँका अनुसार टारी खेत बाहेक पानी लाग्ने ठाँउको धान थन्काउन यति वेला पोखरा क्षेत्रका किसानलाई भ्याई नभ्याई भएको छ।

पोखरा क्षेत्रमा यस बर्ष अघिल्ला बर्षको तुलनामा धान उत्पादनमा केही बृद्धि हुने उहाँले दाबी गर्नु भयो। पोखरा क्षेत्रमा ११ हजार २ सय हेक्टर क्षेत्रमा धान उत्पादन हुने गरेको उहाँको भनाई छ। पोखरामा यस बर्ष करिब ४० हजार ३ सय २० मेटिक्टन भन्दा बढी धान उत्पादन हुने महाशाखा प्रमुख कडरियाले बताउनु भयो।

पोखरा क्षेत्रका पार्दी विरौटा, फेवाफाँट, भद्रकालि, शिशुवा, पोखरा फुलवारी, हेमजा, बेगनासफाँट लगायतको क्षेत्रमा हाल धान काट्न त केहीले धानको कुन्यो लगाउन किसान व्यस्त हुनु भएको छ।

# केपी ओली राष्ट्रिय कप टि-२० क्रिकेट प्रतियोगिता खेल तालिका सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

पोखरामा हुने ‘प्रथम केपी ओली कप राष्ट्रिय टि-२० क्रिकेट प्रतियोगिताको खेल तालिका सार्वजनिक गरिएको छ।

यहि मंसिर ७ गते सुरु हुने प्रतियोगिताको उक्त प्रतियोगिताको आयोजक मदन भण्डारी स्पोर्टस एकेडेमीले खेल तालिका सार्वजनिक गरेको हो। एकेडेमी अन्तर्गत गठित क्रिकेट विभागका संयोजक एवं पूर्व राष्ट्रिय खेलाडी शक्ति गौचनले प्रतियोगितामा १२ टिमको सहभागिता हुने जानकारी दिएका छन्। प्रतियोगितामा ३ विभागिय टोली नेपाल आर्मीको त्रिभुवन क्लव, शसस्त्र प्रहरीको एपिएफ क्लव र नेपाल प्रहरी क्लवको सहभागिता हुनेछ भने कोशी, बागमती, मधेश, गण्डकी, लुम्विनी, सुदुर पश्चिम प्रदेश तथा कर्णाली प्रदेशको सहभागिता रहनेछ । त्यसै गरि यूवा खेलाडी उत्पादनका लागि एकेडेमीले आफ्ना दुई टिम पहिलो पटक उक्त प्रतियोगितामा सहभागिता गराउन लागेको संयोजक गौचनले जानकारी दिएका छन् । एकेडेमीले हालै देश भरिका २ सय भन्दा बढि यूवा खेलाडीहरुबाट छनौट गरि दुई टिम बनाएको हो । खेल तालिका अनुसार ग्रुप ‘ए’मा बागमती प्रदेश, कर्णाली प्रदेश र मदन भण्डारी स्पोर्टस एकेडेमी रातो, ग्रुप ‘बि’मा एपिएफ, लुम्विनी र गण्डकी, ग्रुप ‘सि’मा नेपाल पुलिस, मधेश प्रदेश र सुदुर पश्चिम तथा ग्रुप ‘डि’मा त्रिभुवन आर्मी क्लव, कोशी प्रदेश र मदन भण्डारी स्पोर्टस एकेडेमी निलो एक आपसमा भिड्नेछन्।


मंसिर १५ गते सम्म सञ्चालन हुने प्रतियोगितामा हरेक दिन दुई खेलहरु सञ्चालन हुने संयोजक गौचनले बताए। उद्धाटन खेलमा बागमती प्रदेश र आयोजक मदन भण्डारी स्पोर्टस एकेडेमी रातोका विच हुनेछ । प्रतियोगितामा सबै प्रदेशबाट राष्ट्रिय खेलाडीहरुको सहभागिता हुने संयोजक गौचनले बताए। प्रतियोगिताको आयोजक मदन भण्डारी स्पोर्टस एकेडेमीले प्रतियोगिता सम्पन्न गर्न करिव ७० लाख खर्च हुने जनाएको छ । प्रतियोगितामा उपाधि विजेता टिमले नगद रु ५ लाख र उपविजेता टिमले नगद रु २ लाख ५० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले जानकारी दिएका छन् । यसै गरि हरेक खेलमा म्यान अफ दि म्याच र प्रतियोगिताको वेष्ट व्याटर तथा बलरलाई समेत नगद सहित सम्मान गरिने छ।

मदन भण्डारी स्पोर्टस एकेडेकी कास्कीको व्यवस्थापनमा आयोजनामा हुन लागेको उक्त प्रतियोगिता सम्पन्न गर्न विभिन्न १३ वटा उपसमितिहरु गठन गरिएको छ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# छठ पर्वको शुभकामना

नेपाल र भारतमा मनाइने चाडपर्व मध्ये तराई मधेश मिथिलाञ्चलमा मनाउने छठ पर्वको महत्त्व बढेर गएको छ । छठ पर्व मानिसमा भएको दुःख रोगभोक जस्ता समस्याहरुलाई निकारण गर्ने विश्वासका साथ नदी र तलाउ किनारामा गएर शुद्धतापूर्वक सूर्य देवतालाई पूजा र आराधना गरेर मनाउने गरिन्छ । छठ पर्वको व्रत गरे दुःख र दरिद्रतावाट मुक्ति पाइने जनविश्वास छ । मानवजातीका सबै समस्या निराकरण हुने बिश्वास गरिन्छ । धनी गरिब एकै ठाउँमा बसेर चाड मनाउँदा सामाजिक विभेद हट्दै जान्छ । छठ पर्व भव्य रुपले मनाउन नदी, तलाउ, पोखरी लगाएतका ठाउँमा सजावट गर्ने काम तिव्र रुपले भएको छ । घाट सजाउन र विजुलीले झिलीमिली बनाइएको छ । तराईका बजारहरु छठका लागि आवश्यक पर्न बाँस र माटोबाट बनेका सामाग्री, फलफूल र पूजाका सामग्रीको व्यापार हुने गर्छ । बाँसवाट निर्मित नाङ्लो, ठेकी, चंगेरी आदि सामान आवश्यक हुन्छ । माटोवाट निर्मित पाला, हाते घैला लगायतका सामाग्री र महिलाले लगाउने वस्त्र र गहनाको बिक्री हुने अवसर पनि हो । छठ पर्व भब्य रुपमा मनाउन पोखरी, नदी घाट, तलाउ सिङ्गार पटार गरिएको छ । तराईका नदि, तलाउ,पोखरी छेउलाई सिङ्गारिएको छ । छठको रौनक बढाइरहेको छ । छठको वेलामा सात्विक भोजन गरिन्छ । तामसी भोजनमा बर्जित हुने चाड पनि हो छठ । तराईमा उत्पादन हुन नसकेका सामान भारतबाट समेत ल्याइएका छन् । नेपालको तराई मधेशमा मात्र सिमित रहेको छठ पर्व केहि वर्षयता काठमाडौं र पोखरा लगायत पहाडी क्षेत्रमा पनि मनाउन थालिएको छ ।

छठ तराईबाट पहाडमा बिस्तार भएको छ । देशका सबै ठाउँमा मनाउनु भनेको सँस्कृतिको बिस्तार भएको मान्न सकिन्छ । कतिपय चाडपर्व एक देशबाट अर्को देशमा पनि मनाई रहेको बेला एकै देशको संस्कृति बारे सबै नेपालीले थाहा पाउनु बहुधार्मिक, बहुसाँस्कृतिक भएको देश हो भन्ने प्रमाण हो । तराईबासीहरु नेपालका जुन ठाउँ"मा बसे पनि छठ मनाउँन आफ्नो जन्मस्थान जाने गरेका थिए । पछिल्लो समय जुन ठाउँमा बसोबास गरिएको छ । त्यहि ठाउँमा छठ मनाउने गरेका छन् । यसले आपसी सद्‌भाव बढाउने काम गर्छ । सँस्कृतिको बिस्तार एउटा समुदायले मनाईरहेको पर्व अर्को समुदायले पनि मनाउन थाल्नु अवश्य पनि सकारात्मक सन्देशको रुपमा लिनुपर्ने हुन्छ ।

महाभारतकालमा द्रौपदीसहित पाण्डवहरुले अज्ञात वासमा रहदा गुप्तवास सफल होस् भनी सूर्य देवको आराधना गरेको र सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको कथन छ । छठ पर्वको दिन दिउसो अस्ताउदै गरेको सूर्यको पूजा तथा खष्टी मातालाई अर्घ दिएर मनाउने चलन छ । सूर्य देवतालाई ठेकुवा, भुसवा, केरा, नरिवल, अदुवा, फलफूल, मिठाइसहितका प्रसाद अर्पण गरिन्छ भने चौथो तथा अन्तिम दिन उदाउँदै गरेको सूर्य र खष्टी मातालाई अर्घ दिई छठ सम्पन्न गरिन्छ । पारिवारिक सुख, शान्ति, रोगबाट मुक्ती तथा मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यले सूर्यको उपसना गरी यो पर्व मनाउने परम्परा छ ।

बिशेषगरी मिथिलाञ्चलको आस्थाको रुपमा मानिने छठ पर्व तराईका जिल्लाका साथै राजधानीमा कमलपोखरी, वाग्मती किनार समेत धुमधामका साथ मनाईने गरिएको छ । भिडभाड सहित छठ मनाउनेको संख्या बढ्नु र देशका धेरै ठाउँमा मनाउनु छठ पर्वको महत्व बढ्दै जानु हो । छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरुलाई शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | शारीरिक क्षमेला | तुला | मन चञ्चल |
| वृष | ब्यापारमा लाभ | वृश्चिक | सहयोग मिल्नेछ |
| मिथुन | अप्रत्यसित लाभ | धनु | सत्कार मिल्नेछ |
| कर्कट | शत्रुको भय | मकर | सम्मान मिल्नेछ |
| सिंह | झमेला बड्ने | कुम्भ | आर्थिक समस्या |
| कन्या | कार्यमा सफलता | मीन | मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखरामा पुषको दोश्रो साता मुआथाई प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

व्यवसायिक रुपमा पहिलो पटक मुआथाई प्रतियोगिता हुने भएको छ । प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा उक्त प्रतियोगिता आगामी पुषको दोश्रो साता हुने भएको हो ।

थाई मार्शल आर्ट खेलको रुपमा विश्वभर पहिचान बनाएको मुआथाई खेल विगत केही वर्ष यता नेपालमा समेत यूवाहरुको आकर्षण बढे सँगै आर्थिक वर्ष २०८०/०८१ मा प्रदेश खेलकुद परिषदले बजेट विनियोजन समेत गरि प्रतियोगिता आयोजना तयारी थालेको परिषदका सदस्य सचिव श्रीधर शर्माले जनाएका छन् ।

प्रदेश खेलकुद परिषदले प्रतियोगिताआयोजनागर्नपरिषदका सदस्य खगेन्द्र क्षेत्रीलाई जिम्मेवारी दिएको छ । नेपाल राष्ट्रिय मुआथाई संघको प्राविधिक सहयोगमा आयोजना हुने उक्त प्रतियोगिता सम्पन्न गर्न करिव १८ लाख खर्च हुने क्षेत्रीले जानकारी दिए । "यो पोखरामा आयोजना हुने मुआथाई खेलको पहिलो व्यवसायिक खेल हो । यसले पोखरालाई खेल पर्यटनको माध्यमबाट समेत पहिचान स्थापित गर्न सहयोग पुग्ने छ,"-संयोजक क्षेत्रीले भने । विभिन्न उमेर र तौल समुहमा आयोजना हुने प्रतियोगितामा महिला/पुरुष एवं छात्र/छात्राका छुट्टा-छुट्टै प्रतिस्पर्धाहरु तय गरिएको छ । प्रतियोगिताका लागि आवेदन खुला गरिएको जानकारी दिदै संयोजक क्षेत्रीले आवेदन दिने खेलाडीहरु मध्ये उनीहरुको विगतको नतिजाका आधारमा प्रतियोगितामा समावेश हुने अवसर प्रदान गरिने बताए । जसमा ३५ भन्दा बढि खेलाडीहरु प्रतिस्पर्धामा उत्रिने छन् ।दुई दिन सम्म पोखराको पर्यटकिए केन्द्र लेकसाइडमा हुने प्रतियोगिताका बिजेता खेलाडीहरुलाई नगद ३ लाख खर्च हुनेछ । पोखरा बाहिरबाट आउने खेलाडी, प्रशिक्षक तथा प्राविधिकहरुलाई खाना र आवाशको सुविधा सहित एक दिन पोखराको पर्यटन क्षेत्रहरुको अवलोकन समेत गराइने संयोजक क्षेत्रीले जानकारी दिए । प्रतियोगिता सफल बनाउन विभिन्न संघ-संस्था एवं व्यवसायिक प्रतिष्ठानहरुले समेत सहयोग गर्ने भएको संयोजक क्षेत्रीले जानकारी दिए । पोखरामा पहिलो पटक वृहतरुपमा मुआथाई प्रतियोगिता आयोजना हुने भएकोले प्रतियोगितालाई विभिन्न अनलाइन सञ्चार माध्यम र राष्ट्रिय टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गर्न लागिएको क्षेत्रीले बताए । मुआथाई प्रतियोगिताले यो खेलको विकास सँगै पोखराको पर्यटन क्षेत्रलाई समेत उकास्न महत्वपूर्ण योगदान पुग्ने परिषदका सदस्य सचिव शर्माले बताए । उनले भने-"मुआथाई प्रतियोगिता व्यवसायिक रुपमा पहिलो पटक आयोजना गर्दैछौं भविष्यमा समेत अन्य खेलका यस प्रकारका कार्यक्रमहरु तय गरि नेपाली खेलकुदलाई व्यवसायिक रुपमा अघि बढाउने योजना हामीले बनाउँदैछौं ।"

# नेपाल संवतलाई राष्ट्रिय संवत्का रुपमा कार्यन्वयन गर्न माग पोखरामा मनाइयो भिन्तुना

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर



मैलिक नेपाल संवत् ११४४ को अवसरमा पोखरामा ऱ्याली सहित विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ ।

नेवा खलः कास्कीले मौलिक तथा राष्ट्रिय संवत् लाई विशेष रुपमा मनाउने गरी भिन्तुना ऱ्याली आयोजना गरेको सहित विविध कार्यक्रम गरेको हो । नेवा छेः मा भएको कार्यक्रममा पोखरा महानगरपालिकाका उपमेयर मञ्जुदेवी गुरुङले नेवारी समुदायले शरिरको पुजा गरेर मनाउने यो पर्व (नयाँ वर्ष) विशेष भएको उल्लेख गरिन् । उनले हाम्रा सवैखाले संस्कृतीको संरक्षण र प्रवर्द्धनले मात्र हाम्रो मौलिकता झल्कने धारणा राखिन् । कार्यक्रममा नेवा खल कास्कीका अध्यक्ष अशोक पालिखेले राष्ट्का नाममा राखिएको र प्रचलित नेपाल संवत्‌लाई राज्यले अपहेलना गरेको धारणा राखे । उनले संसारका कुनै पनि मुलुकमा आफ्नो राष्ट्का नाममा संवत् नभएको तर नेपालमा भएकोले यसलाई कामकाजी संवत्का रुपमा ल्याउन आवस्यक रहेको वताएका छन् । नेवारी समुदायका शंखधर शाख्वाको योगदानको कदर गर्दै नेपालमा नेपाल संवत्‌को सुरुवात भएको हो । उनलाई नेपाल सरकारले राष्ट्रिय विभुतीका रुपमा सम्मान सहित उल्लेख गरेको छ ।

आजैका दिन वेलुका म्हः शरिरको पूजा गर्ने प्रचलन रहेको छ । नेपाल संवत्‌कै अवसरमा बिहान पोखरास्थित नारायणस्थानमा रहेको राष्ट्रिय विभूति शंखधर शाख्वाको प्रतिमामा माल्यार्पण गरिएको थियो । भने त्यस कास्कीमा रहेका विभिन्न नेवा खलः, नेवा लुयाम्ह पुचः, नेवा कचाँ, नेवा मिसा पुचः नेवा पत्रकार पुच लगायत विभिन्न जातीय समुदायहरुको सहभागितामा पृथ्वीचोकबाट भिन्तुना ऱ्याली सहित नेव छेः कास्कीको हलमा आएर औपचारिक कार्यक्रम सम्पन्न भएको हो । पृथ्वीचोकबाट सुरु भएको उक्त ऱ्याली नयाँबजार, महेन्द्रपुल, पाखिलेचोक, तेर्सापट्टि हुँदै नेवा छेँ कै भवनमा पुगेर समापन भएको थियो । ऱ्यालीमा सहभागी हुने समूहहरुले जातीय सांस्कृतिक पोसाक सहितको उपस्थित थियो ।

उक्त ऱ्याली मा उत्कृष्ट हुने समूहहरू मध्ये प्रथम हुनेलाई २५ हजार, द्धितिय हुनेलाई ७ हजार र तृतीय तथा सान्त्वना हुने समूहलाई नगद रु ५/५ हजार पुरस्कारको समेत व्यवस्था गरिएको थियो ।

# राष्ट्रिय कर दिवस तथा कर सप्ताह सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर



विभिन्न कार्यक्रमको आयोजना गरी यस बर्षको राष्ट्रिय कर दिवस तथा कर सप्ताह कार्यक्रम २०८० मनाउन सुरु भएको छ । आन्तरिक राजस्व कार्यालय पोखराले शुक्रबारदेखि उक्त कार्यक्रम मनाउन सुरु गरेको हो ।

पहिलो दिन पहिलो करदाता नल बहादुर गुरुङलाई आन्तरिक राजस्व कार्यालय पोखराले सम्मान गरेको कार्यालयका प्रमुख कर अधिकृत शिव शर्माले बताउनु भयो । करदातालाई सम्मान तथा कर सप्ताह कार्यक्रमको शुभारम्भ गर्दै प्रमुख कर अधिकृत शर्माले कर कानूनको पालना गरी राजस्व संकलनमा योगदान गर्नु हुने करदाता प्रति आभार व्यक्त गर्नुभयो । उहाँले कर प्रशासन र करदाताबिचको सम्बन्धलाई थप सुदृढ बनाउँदै लगिने प्रतिबद्धता समेत व्यक्त गर्नु भएको छ । "स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनः सामाजिक न्याय, आर्थिक समृद्धि र सुशासन" भन्ने नाराका साथ राष्ट्रिय कर दिवस २०८० को मंसिर १ देखि ७ गतेसम्म विभिन्न कार्यक्रमको आयोजना गरि मनाउन सुरु भएको प्रमुख कर अधिकृत शर्माले बताउनु भयो । कार्यालयबाट कर दिवस तथा कर सप्ताह कार्यक्रमको अवसरमा करदाता शिक्षा कार्यक्रम, कर सम्बन्धि जनचेतनामूलक कार्यक्रम, आर्थिक ऐनमा भएका कर छुट तथा संशोधित कर कानूनको बारेमा करदातालाई सुसूचित गर्ने लगायतका विभिन्न कार्यक्रमहरू संचालन हुने भएको छ । राष्ट्रिय कर दिवस तथा कर सप्ताह समापन कार्यक्रम अन्तर्गत यहीँ मंसिर ७ गते उत्कृष्ट करदाताहरुलाई सम्मान गर्ने तथा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने कार्यक्रम तय भएको कार्यालयले जनाएको छ ।

कार्यालयले पोखरा उद्योग बाणिज्य संघसंग मंसिर ४ गते, लेखनाथ उद्योग बाणिज्य संघसंग मंसिर ५ र रेवान पोखरासंग छलफल तथा अन्तरक्रिया कायक्रम गर्ने भएको छ । यस बर्ष कर दिवसको अवसरमा छठ पर्व सहितको सार्वजनिक बिदा धेरै दिन भएकोले अघिल्ला बर्षको जस्तो धेरै कार्यक्रमहरु भने नभएको कार्यालयले जनाएको छ । पछिल्लो समयमा करका धेरै काम काजहरु अनलाइनबाटै गर्न सकिने भएकोले कार्यालयमा सेवाग्राहीको निकै कम भिडभाड हुने भएको छ ।

# लायन्स शितलचौतारीको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

लायन्स क्लब अफ पोखरा शितलचौतारीले पर्वतको लाङ्दीमा रहेको लाड्दी प्राथमिक विद्यालयका विद्यार्थीहरुलाई स्टेसनरी वितरण गरेको छ । क्लबले सामाजिक उत्तरदायित्वअन्तर्गत सो कार्य गरेको अध्यक्ष ललित कुँवरले बताए ।

उनका अनुसार गाउँको सो विद्यालयमा पढ्ने सीमान्तकृत वर्गका विद्यार्थीहरुलाई प्रोत्साहन दिनको लागि लाङ्दीमा सो कार्यक्रम आयोजना गरिएको हो । क्लबले यसअघि कास्कीकै बह्मरुपा माविमा डस्टबिन वितरण,पोखरा रंगशालामा वृक्षरोपण,पोखरा ३२ मा रहेको दुर्गा मन्दिर निर्माणमा पनि सघाएको छ । आवश्यकता पहिचान गर्दै सहयोगको हात फैलाउन क्लबले कन्जुस्याइँ नगर्ने अध्यक्ष कुँवरले बताए ।

# माछापुच्छ्रे गा.पा इन्जिनियर तथा आर्किटेक्ट फोरम संयोजकमा अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

कार्तिक २८,हेमजा । कास्की माछापुच्छ्रे गाउँपालिका इन्जिनियर तथा आर्किटेक्ट ग्रुपको मंगलवार बसेको दोस्रो भेलाले ई.शुसिल अधिकारीको संयोजकत्तोमा पाँच सदस्य तदर्थ समिति गठन गरेको छ । सदस्यहरुमा धिरन वि.क,जितेन्द्र दाहाल, प्रशंसा पौडेल,साथै जिवन अधिकारी रहेका छन् ।

संयोजक अधिकारी अनुसार माछापुच्छ्रे गाउँपालिकाका विभिन्न वडामा कार्यरत साथै सम्बन्धित विषयमा अध्यनरत स्थानीय इन्जिनियर तथा आर्किटेक्ट विचको समुह हो । यसलाई निकट भविष्यमा विधान बनाई नेपालको कानुन अनुरुप पुर्णता दिने योजना रहेको बताए । साथै इन्जिनियरिङ क्षेत्रको विकास मोडल र द्धष्टिकोण निर्माण,आयोजनाहरुमा इन्जिनियरहरुको भुमिका,योगदान साथै समग्र माछापुच्छ्रे गाउँपालिका भित्रका विभिन्न आयोजनाहरुमा केन्द्रित रहेने समेत उल्लेख गरे ।

उपस्थित भेलाले तदर्थ समिति गठन गर्नुको साथै परिच्यतम एवं दिपावली विषेश शुभकामना अदानप्रदान गरेका थिए ।

# एभरेस्ट एफएमले रक्तदान कार्यक्रम गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

पोखराबाट प्रशारण हुने एभरेस्ट एफएम ९३ मेगाहर्जले यहि मंसिर ९ गते शनिबार रक्तदान कार्यक्रम गर्ने भएको छ । एभरेस्ट मिडिया हाउस प्रालिद्वारा सञ्चालित एभरेस्ट एफएमले आफ्नो वार्षिकोत्सवको अवसर पारेर रक्तदान कार्यक्रम गर्न लागेको हो ।

बडादशैं, तिहार, नेपाल सम्वत र छठ पर्वका कारण अन्य संघसंस्थाले नियमित रक्तदान नगर्दा पोखरामा रगतको अभाव भइरहेको परिस्थितिलाई मध्यनजर गर्दै रक्तदान कार्यक्रम गर्न लागेको रेडियोले जनाएको छ । 'नियमित रक्तदान गरौं, जीवन बचाउने अभियानमा सहभागी बनौं' भन्ने मूल नाराका साथ रक्तदान कार्यक्रम गर्न लागिएको एभरेस्ट एफ एम तथा एभरेस्ट आवाजका सम्पादक दीपेन्द्र श्रेष्ठले जानकारी दिए ।

रक्तदान कार्यक्रम रक्त सञ्चार केन्द्र पोखराको प्राविधिक सहयोगमा हुने उनले बताए । 'एफएमले आफ्नो वार्षिक तालिका अनुसारै रक्तदान कार्यक्रम गर्न लागेको हो । चाडपर्वका कारण नियमित रक्तदान कार्यक्रम नहुँदा हुनसक्ने रगतको अभाव पूर्ती गर्नपनि यो कार्यक्रम सहयोगी हुनेछ भन्ने हाम्रो विश्वास हो'-उनले भने । रक्तदान कार्यक्रमको तयारी शुरु भएको रेडियोले जनाएको छ । रेडियोले 'म त रक्तदान गर्दैछु, तपाईं नि ? भन्ने नारासहित रक्तदान कार्यक्रमको क्याम्पेनिङपनि शुरु गरिसकेको सम्पादक श्रेष्ठले बताए । यसअघि रेडियोले अघिल्लो वर्ष गरेको आकस्मिक रक्तदान कार्यक्रममा १५१ युनिट रगत संकलन गरेर गण्डकी प्रदेशकै सर्बाधिक रगत संकलकको रुपमा पुरस्कृत भएको थियो भने पहिलो वर्ष गरेको रक्तदान कार्यक्रममा १८८ युनिट रगत संकलन गरेको थियो । एभरेस्ट मिडिया हाउसले एभरेस्ट एफएम ९३ मेगाहर्ज र एभरेस्ट आवाज डटकम सञ्चालन गर्दै आएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १० स्थित आँपको बोट बाटो ढलान गर्नका लागि निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः आँपको बोट बाटो ढलान
ठेगानाः पोखरा-१०
योजना सम्झौता मितिः २०८०/०६/१० गते
योजना सम्पन्न मितिः २०८०/०८/१० गते
योजनाको कुल लागतः रु. ३,४०,६९२/९२
महानगरपालिकाबाटः रु. ३,००,०००/-
जनसहभागिताबाटः रु.४०,६९२/९२
कुल खर्चः रु. ३,५९,१६६/-
उपभोक्ता समिति अध्यक्षः गगन घिमिरे
सचिवः अमृता चालिसे बस्नेत
कोषाध्यक्षः देल बहादुर गुरुङ
अनुगमन समितिः वडा सदस्य पूर्णचन्द्र न्यौपाने

**आँपको बोट बाटो ढलान उपभोक्ता समिति पोखरा-१०**

# आई एन एफ नेपालको ७१ औं वार्षिकोत्सव कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

आई एन एफ नेपालको ७१ औं वार्षिकोत्सव कार्यक्रम एक विशेष समारोहका बीच सम्पन्न भएको छ। कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नेपालमा स्वास्थ्य सेवाका लागि अग्रणी संस्था आई एन एफ, ग्रामिण समुदायमा स्वास्थ्य सेवा प्रदान गर्ने, जीविकोपार्जनमा सहयोग गर्ने र सामाजिक समावेशीतालाई प्रवर्धन गर्न महत्वपूर्ण भूमिका खेलेको तथ्य उजागर गर्दै पोखरालाई स्वास्थ्यको हिसाबले समृद्ध बनाउन आगामी दिनमा आई एन एफ नेपालसंग सहकार्य गरि अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो। त्यसैगरी कार्यक्रमको सभापति एवम् आई एन एफ नेपालका अध्यक्ष रामचन्द्र तिमोथीले अग्रजको योगदान सहित गर्विलो इतिहास बोकेको संस्थाले आफ्नो गरिमालाई उच्च राख्न निरन्तर अथक प्रयास गर्दै आएको तर्फ जोड दिनुभयो। कार्यक्रममा उद्घाटन मन्तव्य बोर्ड सल्लाहकार डा. दीपेन्द्र कुमार गौतम र स्वागत




मन्तव्य बोर्ड उपाध्यक्ष राजेन्द्र कुमार अधिकारीले राख्नुभएको थियो। आई एन एफ नेपालका गतिविधि र दीर्घकालीन योजनाका बारेमा कार्यकारी निर्देशक कृष्ण अधिकारीले प्रकाश पार्नुभएको थियो। कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्ने अतिथिहरुमा पोखरा महानगरपालिकाका वडा नं. १ का वडाध्यक्ष साहारा प्रधान, वडा नं. १५ का वडाध्यक्ष तोरण बहादुर बानिया, गैससं महासंघ नेपालका अध्यक्ष राम प्रसाद सुवेदी, पोखरेली खीष्टीय समुदायका अध्यक्ष राम प्रसाद शर्मा, आई एन एफ ईन्टरनेशनल बोर्डका अध्यक्ष फिल लिण्जे हुनुहुन्थ्यो। त्यसैगरी कार्यक्रममा डा. सर्ली हेडल्याई ११ औं स्वास्थ्य अर्वाड नेपाल बिजेता हुनुभएकोमा तथा डा. शुभेच्छा देवा श्रेष्ठलाई फिगो अर्वाड यूके बिजेता हुनुभएकोमा सम्मान गरिएको थियो। त्यस्तै, ओ.बि.ई. इन द किङ्स न्यू यिएर अर्वाड,यूके.द्वारा सम्मानित हुनुभएकोमा डा. माइकल स्मिथ तथा इकेएफ डेभलपमेन्ट करपोरेसन इन मेडिसिन अर्वाड, जर्मनी विजेताद्धय दोरथी दास परियार र थम बहादुर गुरुङलाई सम्मान गरिएको थियो। सम्मानित व्यक्तिहरुका बारेमा स्वास्थ्य सेवा निर्देशक डा. अरुण कुमार बुढाले जानकारी गराउनुभएको थियो। कार्यक्रममा वि.सं.२०७७ पछि अवकाश प्राप्त कर्मचारीहरुलाई कदरपत्र प्रदान गरिनुका साथै खेलकुद सप्ताहका विजेतालाई पुरस्कार वितरण गरिएको थियो। हरियौखर्क अस्पतालका कर्मचारीहरुद्धारा विविध सॉस्कृतीक गीत तथा नृत्य प्रस्तुत गरिएको कार्यक्रमको सन्चालन कर्मचारी धनमाया गुरुङले गर्नुभएको थियो। सो समारोह अघि रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो।

वि. सं २००९ सालमा स्थापित आई एन एफ ले नेपाल सरकारसँग हातेमालो गर्दै कुष्ठरोग तथा क्षयरोगको क्षेत्रमा योगदान पुऱ्याउदै आइरहेको छ। संस्थाले सामुदायिक स्वास्थ्य र विकासका क्षेत्रमा हरियोखर्क अस्पताल लगायत तीन अस्पतालसँगै बाजुरा, मुगु, जुम्ला, कालीकोट, सुर्खेत, बाँके, दाङ, रोल्पा, कपिलवस्तु, कास्की र गोरखा जिल्लाहरुमा अविछिन्न रुपमा सेवा प्रदान गर्दै आइरहेको छ।

# लायन्स क्लब अफ पोखरा युनाइटेड चौतारीद्धारा जस्तापाता हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

लायन्स क्लब अफ पोखरा युनाइटेड चौतारीले तनहुँको घिरिङका गीता श्रेष्ठको घर निर्माणका लागी जस्तापाता हस्तान्तरण गरेको छ। घिरिङ गाउँपालिका वडा नम्बर ३ अर्चलकोट का गीता श्रेष्ठको घरको छानो जीर्ण बन्दै गएपछि लायन्स क्लब युनाइटेड चौतारीले घरको छानो पुनर्निर्माणका लागि जस्तापाता हस्तान्तरण गरेको हो।

सो अवसरमा वोल्दै प्रमुख अतिथी जोन चियर पर्सन लायन जयराम आचार्यले लायन्स क्लब अफ पोखरा युनाइटेड चौतारीले सामाजिक काम अन्तर्गत तनहुको घिरिङ गाउँपालिका अर्चलबोट स्थित गीता श्रेष्ठको घरको छानो निर्माणका लागी जस्तापाता हस्तान्तरण गरेकोमा धन्यवाद ब्यक्त गरे। लायन्स क्लबहरुले गर्ने सानो सहयोगले कोही कसैलाई टेवा पुग्ने बताउदै आचार्यले आगामी दिनमा पनि यस्ता सामाजिक कामलाई निरन्तरता दिनुपर्नेमा जोड दिए।

त्यस्तै घरधनी गीता श्रेष्ठले लायन्स क्लब अफ पोखरा



युनाइटेड चौतारीको सहयोगले आफ्नो घरको छानो निर्माण गरिदिएकोमा धन्यवाद ब्यक्त गरे। ढुंगाको छानो रहेको आफ्नो घरको छानो जीर्ण अवस्थामा रहेकोमा लायन्स क्लब अफ पोखरा युनाइटेड चौतारीको सहयोगमा जस्तापाता हस्तान्तरण गरेर आफुलाई ठूलो गुण लगाएको श्रेष्ठको भनाइ रहेको थियो।

सो अवसरमा वोल्दै लायन्स क्लब अफ पोखरा युनाइटेड चौतारीका अध्यक्ष लायन एक नारायण गौतमले युनाइटेड चौतारीले सामाजिक कार्य अन्तर्गत यसपटक जस्तापाता हस्तान्तरण गरिएको वताए। आगामी दिनमा पनि यस्ता कार्यलाई निरन्तरता दिने उनको भनाइ रहेको थियो।

क्लबका पूर्व अध्यक्ष तथा डिष्ट्रिक जीएसटी कोअडिनेटर लायन राजु श्रेष्ठको संयोजकत्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो।

सो कार्यक्रममा डिष्ट्रिक को चिफ लायन सुक बहादुर गुरुङ, घिरिङ गाउँपालिकाका महिला स्वास्थ्य स्वयंसेविका जुनमाया थापा, क्लबका प्रथम उपाध्यक्ष लायन शुसिल बहादुर थापा, सचिव लायन इश्वर शर्मा, सह कोषाध्यक्ष लायन सूर्य उप्रेती, लायन गणेश बहादुर खड्का, सर्भिस चियरपर्सन लायन सिद्धिकुमार श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो।

# राष्ट्रिय माविको हीरक जयन्तीका लागि भेला, मुल आयोजक र कार्य सम्पादन समिति गठन

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

स्थापनाको ७५ औं वर्ष प्रवेशको अवसरमा हीरक जयन्ती मनाउने तयारीमा जुटेको पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेल स्थित राष्ट्रिय माध्यमिक विद्यालयले शनिबार सरोकारवालको भेला सम्पन्न गरेको छ।

आउदो मंसिर २० गते विद्यालय आफनो स्थापनाको ७४ औं वर्ष पुरा गरि ७५ औं वर्षमा प्रवेश गदैछ। हीरक जयन्तीको पुर्व सन्ध्यामा शनिबार विद्यालयमा अध्ययन गरेका पुर्व विद्यार्थी, पुर्व शिक्षक/कर्मचारी, पुर्व विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एंव सदस्य, पुर्व शिक्षक अभिभावक संघका पदाधिकारी र सदस्य सगै सरोकारवाला बिचको भेला पछि भएको छलफलले हीरक जयन्तीका लागि मुल आयोजक समिति र कार्य सम्पादन समित गठन गरेको छ।

गठन भएको दुवै समितिको संयोजकमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम विक्रम राणा संयोजक रहेका छन् भने सदस्य सचिवमा विद्यालयका प्रधानाध्यापक ईश्वरी प्रसाद सापकोटा रहेका छन्। शनिबारको भेलामा १६८ जना




उपस्थित रहेकोमा उनीहरु सबैलाई मुल समितिको सदस्यमा चयन गर्ने निर्णय भेलाले गरेको थियो। समितिमा आवश्यकता अनुसार सरोकारवाला अन्यलाई पछि सदस्यमा थप गर्ने अध्यक्ष राणाले जानकारी दिए।

२१ सदस्य कार्य सम्पादन समितिको उपाध्यक्षमा विद्यालयका लागि जग्गा दान गर्ने जग्गादाता रत्नाखर पराजुली परिवारको तर्फबाट शिव प्रसाद पराजुलीलाई भेलाले चयन गरेको छ। समितिको सहसचिवमा स्थानीय कल्पना आर्चाय बास्तोला, कोषाध्यक्षमा पुर्व विद्यार्थी सूर्य प्रसाद सुवेदी र सह कोषाध्यक्षमा विद्यालयका लेखापाल गिता अधिकारीलाई भेलाले चयन गरेको थियो।

शनिबार सम्पन्न भेलाका लागि सरोकारवालसंग समन्वयको काम शिक्षक नारायण प्रसाद चापागाई र खेमराज अधिकारीले गरेका थिए।

विद्यालय वयवस्थापन समितिका अध्यक्ष राम विक्रम राणाको अध्यक्षतामा भएको भेलामा पोखरा महानगरपालिका वडा नम्बर १ का अध्यक्ष शाहारा प्रधान, विद्यालयका पुर्व विद्यार्थी, शिक्षक सगै व्यवस्थापन समितिका अध्यक्ष भएर काम गरेका रामराज रेग्मी, समाजसेवी विश्व मोहन गौचन, पुर्व विद्यार्थी तिर्थ श्रेष्ठ, टिकाराम ढुगाना, कृीषि पौडेल, कल्पना आर्चाय बास्तोला, चक्रपाणी सुवेदी, विष्णु प्रसाद अधिकारी, वोधराज गिरी लगायतले आ आफनो भनाई व्यक्त गदै हीरक जयन्तीलाई भब्य र सभ्य रुपमा प्रभावकारी ढंगले गर्न सुझाव दिएका थिए।

भेलाले हीरक जयन्ती आउदो १ वर्षसम्म (२० मंसिर ०८० देखि २० मंसिर ०८१ सम्म) विभिन्न कार्यक्रम गरि भब्य रुपमा मनाउने निर्णय समेत गरेको छ। आउदो मंसिर २० गते आयोजना गरिने प्रभात फेरी सगै हीरक जयन्तीको शुभारम्भ कार्यक्रम भब्य र सभ्य रुपमा सम्पन्न गर्न सबैले आ आफनो सहयोग गर्ने निर्णय समेत भेलाले गरेको छ। २० मसिर २००६ मा पब्लिक मिडिल स्कुलको नामबाट पोखरा ३ नदिपुरमा संचालित विद्यालयलले २००७ मा स्थाही स्कीकृती पाएपसै राजा त्रिभुवनले एक हजार दिएपछि विद्यालयको भवन निर्माणको काम सुरु भएको थियो।

नदिपुरमा भवनको जग खन्ने क्रममा जमिन भासिएपछि विद्यालय सार्नका लागि उपयुक्त जमिनको खोजी भएको थियो। सोही क्रममा रत्नाखर पराजुलीका परिवारले जग्गा उपलब्ध गराएपछि विद्यालय हालको स्थानमा आईपुगेको हो। त्यसपछि श्री ५ को सरकार र अमेरिकी सहायता नियोगबिच भवन निर्माण सम्झौता भएको थियो। भवन निर्माणको शिलान्यास २०१३ सालमा राजा त्रिभुवनले गरेका थिए। विद्यालयबाट प्रथम पटक २०११ सालमा पाँच जनाले एसएलसी दिएकोमा चार जना उत्तीर्ण भएका थिए।

२०१५ देखि २०२८ सालको नयाँ शिक्षा लागु हुनु पुर्व विद्यालयको नाम नेशनल मल्टिप्रोज उच्च विद्यालय राखिएको थियो। हाल विद्यालयका इसिडि देखि कक्षा १२ सम्मको पढाई हुने गरेको छ। २०५४ देखि दश जोड दुईको पढाई संचालन सुरु भंको विद्यालयका हाल ४४ जिल्लाका गरि एक हजार चार सय विद्यार्थीहरु अध्ययनरत रहेका छन् भने ५७ जना शिक्षक, कर्मचारीहरु कार्यरत रहेको सुचना अधिकारी शिवभक्त देवकोटाले जानकारी दिए।

# लायन्स सेन्ट्रल गार्डनको कम्प्युटर र नेतृत्व विकास तालिम

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

लायन्स क्लब अफ पोखरा सेन्ट्रल गार्डनले क्लबको वार्षिक कार्यक्रम पढाऔं अभियान अन्तर्गत १२ कक्षासम्मका विद्यार्थी भाइबहिनीलाई सञ्चालित कम्प्युटर र नेतृत्व विकास तालिम सम्पन्न भएको छ।

९० घण्टे आधारभूत कम्प्युटर र तीन हप्ते उद्घोषण, भाषण तथा नेतृत्व विकास तालिममा २१ जना विद्यार्थी सहभागी थिए। तालिम समापन समारोहमा क्लबका संस्थापक अध्यक्ष हरि भाटले सन् २०१७ देखि क्लबले पढाऔं अभियान अन्तर्गत हरेक वर्ष सामुदायिक विद्यालय अध्ययनरत भाइबहिनीलाई तालिम सञ्चालनार्थ वार्षिक एक लाख ५० हजार बजेट




विनियोजना गर्दै आएको बताए। क्लबका अध्यक्ष तुल रानाभाटले तालिम सञ्चालनका लागि गण्डकी हाइ-टेकसँग सहकार्य गर्न पाउनु क्लबका लागि सुनौलो अवसर रहेको बताए। गण्डकी हाइ-टेक व्यवहारिक सीप विकास तालिम केन्द्रकी प्रशिक्षक विद्यादेवी बरालले पोखराको बगरमा रहेकोमा केन्द्रमा विगत १६ वर्षदेखि क्रियाशील प्रशिक्षकद्धारा प्रशिक्षण गराइँदै आएको जानकारी दिइन्।

नेतृत्व विकास तालिममा सहभागी भुपेन्द्र गुरुङले आफू पहिला अगाडि गएर बोल्न जिउ काम्ने, आँखा हेरेर बोल्न नसक्ने समस्या रहेकोमा तालिम पाएर आफूलाई निकै खुसी लागेको बताए। कम्प्युटर तालिममा सहभागी समीर घिमिरेले क्लबले विद्यार्थीका लागि निःशुल्क तालिम सञ्चालन गरेर राम्रो काम गरेको धारणा राखे। कार्यक्रममा नुमा गुरुङ, शुशांक बास्तोला, निराजन तामाङ, अमृत थापालगायतले अनुभव सुनाएका थिए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिकाको वडा नं. १० स्थित सृष्टी टोल बाटो ढलान गर्नका लागि निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सृष्टी टोल बाटो ढलान
ठेगानाः पोखरा-१०
योजना सम्झौता मितिः २०८०/०६/२४ गते
योजना सम्पन्न मितिः २०८०/०८/२४ गते
योजनाको कुल लागतः रु. ५,५५,८९८/५८
महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु.५५,८९८/५८
कुल खर्चः रु. ५,६३,४२४/७७
उपभोक्ता समिति अध्यक्षः बुद्धि बहादुर गुरुङ
उपाध्यक्षः शुकमेल गुरुङ
सचिवः मिना गुरुङ
कोषाध्यक्षः तन बहादुर गुरुङ
अनुगमन समितिः वडा सदस्य पूर्णचन्द्र न्यौपाने

**सृष्टि टोल बाटो ढलान उपभोक्ता समिति**
**पोखरा-१०**


# महको पकेट क्षेत्र बन्दै अर्मला

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

पोखरा महानगरपालिका-१६स्थित कृषि सञ्जाल यतिखेर अर्मला क्षेत्रलाई महको पकेट क्षेत्रको रुपमा विकास गर्ने अभियानमा जुटेको छ।

बाँभो रहेको जग्गामा वन विस्तार भई मौरीका लागि चरन क्षेत्र बढेसँगै महानगरको ५० प्रतिशत अनुदानबाट यहाँका किसान मौरीपालनतर्फ आकर्षक भएका हुन्। रु तेईस लाख ४६ हजार सात सय ७० बराबरका ६६ घरपरिवारलाई ९३ थान मौरीसहितको घार वितरण गरिएको कृषि सञ्जालका अध्यक्ष जीतबहादुर बस्नेतले जानकारी दिनुभयो। उहाँका अनुसार यस कार्यका लागि महानगरबाट प्राप्त रु ११ लाख ९५ हजार सात सय ३० अनुदान र किसानबाट सङ्कलित रु एघार लाख ५१ हजार ४० लगानी भइसकेको छ। गत जेठ महिनामा वितरण गरिएका घारबाट किसानले पहिलो पटक मह उत्पादन सुरु गरेका छन्। उक्त सञ्जालले मौरी पालनसम्बन्धी विभिन्न तालिमसमेत प्रदान गर्दै आएको उहाँको भनाइ थियो। मौरीसहितका छ घार खरिद गरिएको बताउनुहुने पोखरा-१६ स्थित महेन्द्र गुफा चोकको निर्मला बस्नेतले उत्पादित मह बिक्री पनि गरिसकेको बताउनुभयो।

घरमा दुई वर्षअघि खरिद गरेको घार थियो, मह उत्पादन पनि राम्रै भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "अनुदानमा पाएको घारका साथै सुरक्षा सामग्री र सूर्यमुखी फूलको बीउले मौरी पालनका लागि थप उत्साही बनाएको छ।

यस अधिका घारबाट उत्पादित मह पनि प्रतिकेजी रु एक हजार पाँच सयमा बिक्री हुँदै आएको छ।" "महानगरले एक घार बीउ मौरी दिएर मात्र हुँदैन, घार विस्तार गरी नयाँ घार खरिदमा पनि अनुदानको व्यवस्था गर्नु अपरिआर्य छ" बस्नेतले थप्नुभयो,"एउटा खाली घारलाई चार हजार पाँच सय पर्छ किसानले आफ्नो लगानीलाई कहिले व्यवसायमा परिणत गर्ने?" अर्मला डिहीकी रामलक्ष्मी गुरुङले भन्नुभयो, "घर छेउको बारीमा चार वटा मौरीका घार छन्, मह बिक्रीबाट वार्षिक रु ५० हजारदेखि ६० हजारसम्म आम्दानी हुने गरेको छ, बीस घार पुऱ्याएर रु चार लाखदेखि पाँच लाख आम्दानी गर्ने सोच छ।

उत्पादित मह बिक्री हुदैन की भन्नुपर्दैन विदेशबाट आएको माग पनि पुऱ्याउन नसकेको बताउँदै सञ्जालको सदस्यसमेत रहनुभएकी गुरुङले भन्नुभयो,"मह काट्न, घार फुटाउन र सरसफाइ गर्नका लागि पनि तालिम लिएकी छु सबै काम आफै गर्दछु।

"मौरीलाई कृतिम आहार दिनुपर्दैन चरन पर्याप्त भएका कारण प्राङ्गारिक मह उत्पादन गर्दै आएको छ तर जङ्गलका बारुला, अरिङ्गाल, खपटे कीरालगायतले दुःख दिने गरेको उहाँले बताउनुभयो। सोही क्षेत्रका वडाध्यक्षअमृतशर्मातिमिल्सिनाका अनुसार अर्मलालाई कृषिको हब बनाउने लक्ष्यका साथ मौरीसहित तरकारी, पशुपालन, आलुको बीउ उत्पादनलगायत क्षेत्रमा अनुदानको व्यवस्था गरेर किसनालाई प्रोत्साहन गर्दै आइएको छ।

आगामी दिनमा किसानलाई व्यावसायिक बनाएर आत्मनिर्भर बनाउने खालका कार्यक्रममा जोड दिइने उहाँको भनाइ थियो। पोखरा महानगरपालिकाका ३३ वटै वडामा कृषि सञ्जाल गठन गरी सम्भाव्यता र माग अनुसारका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइएको महानगर कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो।

महानगरको एक वडा एक उत्पादन अभियानअन्तर्गत वडा नं १६ लाई मौरीको पकेट क्षेत्रको रुपमा विकास गरिएको छ भन्दै उक्त वडामा हालसम्म दुई सयभन्दा बढी घार अनुदानमा वितरण गरिएको उहाँले बताउनुभयो।

महानगरले कृषिमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ गत आर्थिक वर्षमा रु छ करोड कृषि क्षेत्रमा विनियोजन गरेर प्रत्यक्ष किसान समक्ष पुऱ्याउन सफल भएको प्रमुख कडरियाको जिकिर थियो।